*Myagdi Guru*
[A Peer-Reviewed, Multidisciplinary and Multilingual Journal]
Volume 4-5, September, 2022
p-ISSN 2645-8713; Indexed in NepJOL
http://myagdicampus.edu.np/myagdiguru/
MMC, Beni

*Research Article/ Litrature and Criticism*

# “हाट भर्ने मानिस” कविताको अन्तर्वस्तु

**रेखा रेग्मी, उपप्राध्यापक**, नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनी
**डा. बाबुराम, तिमल्सेना**, सहप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
**अनिल अधिकारी**, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

**Article History:** *Submitted 03 June 2022; Reviewed 10 July 2022; Revised 16 August 2024*

**Corresponding Author:** ***रेखा रेग्मी***; *Email: rekharpaudel@gmail.com*

**Article DOI:** *https://doi.org/10.3126/mg.v5i1.70628*

**Copyright Information:** *Copyright 2022 © The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

## लेखसार

प्रस्तुत लेख “हाट भर्ने मानिस” कविताको अन्तर्वस्तु विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान विधि पाठमा प्रयुक्त विषयको विवेचन हुने यो लेख विषयवस्तु विश्लेषणकेन्द्री ढाँचामा तयार भएको छ । यस लेखको मुख्य समस्या कवितामा प्रतिबिम्बित अन्तर्वस्तु र त्यसले प्रस्तुत गर्ने दार्शनिक विषयको विश्लेषणसँग सम्बन्धित छ । अन्तर्वस्तु साहित्यिक कृतिले प्रतिबिम्बन गर्ने विषयवस्तु, केन्द्रीय, भाव, सारतत्त्व तथा विचारको समुच्चय हो । मूलभूत रूपमा प्रस्तुत कवितामा तीनवटा आयम छन् । “हाट भर्ने मानिस” कवितामा मान्छेलाई वस्तुका रूपमा हेरी यो ठोस वस्तुका रूपमा हाट भर्न जाँदा उसले भोगेको समय, समयान्तरभित्र किनमेल गरिने, मान-प्रतिष्ठा, सुख, दुःखको आरोह-अवरोह आदिका अङ्ग-प्रत्यङ्गका  यस कृतिको घनत्व हो । यो कवितामा अभिव्यक्त आयमिक सिद्धान्तले मानिसलाई एउटा मूर्ति, यसको मापनको आधार आयाम रहने कथ्य प्रस्तुत गरेको छ । यस कवितामा जसरी लेजर र बीम स्टिलटरका किरण मिलेर हेलियोग्राफको निर्माण भई त्यसले वस्तुलाई प्रकाशवान पार्दै प्रेषक र प्रेषणको काम गर्छ त्यसरी नै मानव जीवनको अन्तर्य नै अभाव र दैन्यका बीच पनि मान्छेले गतिशील रहनु पर्ने बाध्यताबाट ग्रस्त रहेको दृष्टिकोणा प्रस्तुत भएको छ। यस कविताले किरणहरूको सहाराले वस्तुको तेस्रो आयाम देखाएर “हाट भर्ने मानिस”का मनको विश्लेषण गर्ने सामूहिक अवचेतन जातीय र सांस्कृतिक वंशाणु गुणबाट आएको विषयमाथि प्रकाश पारेको छ । यस कविताको

**"हाट भर्ने मानिस" कविताको अन्तर्वस्तु**

अन्तर्वस्तु निर्माण नै मान्छेका मनभित्र षोडस संस्कारबाट आउने हुनाले "हाट भर्ने मानिस" का अवचेतन मनभित्रका गुणहरू व्यक्तिगत नभई वंशानुगत तथा सामूहिक क्षेत्रमा जातीय अनुभव र प्रवृत्तिको समग्रता सन्तानमा सर्दै जाने विषयको अभिव्यक्ति नै आयामिक साहित्यको केन्द्रीय विषयमा अधारित रहेको विषयमा विमर्श भएको छ ।

**मुख्य शब्द :** भाव, विचार, केन्द्रीय कथ्य, सन्देश

## विषयप्रवेश

प्रस्तुत लेख "हाट भर्ने मानिस" कविताको अन्तर्वस्तु विश्लेषणमा केन्द्रित छ।आयामेली जीवनदर्शन मुख्य प्रतिपाद्य विषय रहेको यस कवितामा जीवन र जगत्लाई यसको उज्यालो पक्षबाट नभई सर्वाङ्गीण दृष्टिले हेरिनुपर्ने विषयको प्रस्तुति भएको छ । जीवनलाई नजिकैको आँखीझ्यालबाट चियाउँदै नियाल्नु तथा त्यसका अभ्यन्तरित पक्षलाई सूक्ष्मतापूर्वक हेर्नं दर्शन र आयाम हो । जीवनका आयामलाई धर्म र संस्कृति नेत्रालोचन गर्दा यी विषयमा अन्तर्य पाइन्छ । दर्शन आफैंमा विश्व हेर्ने दृष्टिकोण भएकाले धर्म र संस्कृतिको पारिभिषक अभिलक्षण नै भिन्न छ। धर्म र संस्कृतिमा कुनै पनि पक्षलाई आधार मानी तुल्यता खोजिदैन । अन्तर्वस्तुका दृष्टिले "हाट भर्ने मानिस" कविताको भाव नरिवलको जटाजस्तो छ । यसर्थ कविता विशिष्ट र शैली जटिल छ । यद्यपि दार्शनिक विधिबाट कविताले जिन्दगीको अध्ययन गर्छ । यो यसको सबल पक्ष हो। जीवनदर्शन, ईश्वरमा विश्वास र परंम्परामा अविश्वाससहितको जन्म र मृत्यु कुनै मौलिक र नयाँ मान्यता भने होइन । यो प्राकृतिक नियम हो । भौतिक शरीर नाश हुन्छ । जीवलाई नै मर्छ भनिन्छ तर जीव बीज भएकाले नाशवान हुँदैन । अनि दर्शनले भन्छ जिन्दगीको सोच र आस्था एउटा हाट र बजार भर्न आएको मानिसको भौतिक सोचभन्दा माथि उठन सकेको छैन । तर "हाट भर्ने मानिस" आउन जानाको कारण पृथ्वीमा आएपछि के के कार्य गर्न उसबाट सम्भव हुनसक्छन् ? त्यो महत्त्वपूर्ण विषय हो ।

विकास, इतिहास, अर्थ, युद्ध, हिंसा, शून्य मीथक हुन् र विश्वमा भएका युद्धका घटनाहरू नेपालको भूमिमा नघटुन् भन्ने सन्देश वक्रशैलीमा कवितामा परेका छन् । कविताभित्र व्यञ्जना र लक्षणा शक्तिको भरपूर प्रयोग गरिएका छन् । शब्दलङ्कारको यथेष्ट प्रयोग भएको पाइन्छ । पद र शब्दमा वक्रता छ । प्रस्तुत "हाट भर्ने मानिस" कविताको संरचना पक्षलाई नियाल्दा यो ६ भागमा विभाजित छ । प्रथम भागमा ९३ शब्द छन् । दोस्रो भागमा ६८ शब्द छन् । तेस्रो भागमा ४६ शब्द छन्, चौथो भागमा ६३ शब्द छन् । पाँच भागमा १८० शब्द छन् । छैटो भागमा १५२ शब्द छन् । सबै भन्दा धेरै शब्द भएको भाग पाँचौ हो । यसमा १८० शब्द छन् । सबै भन्दा कम शब्द भएको तेस्रो भागमा हो । यसमा ४६ शब्द छन् । यो कविताको परिचय भाग फुकेको छ त्यसपछि तेस्रो र चौथो भाग अलिक खुम्चिएको छ । छैटौं भागभन्दा पनि पाँचौ भाग शब्दमा निकै फरक संरचनामा संरचित सङ्कथन र शैलीबाट यो कविताको सिर्जना भएको छ ।

संरचनागत दृष्टिले कविताको प्रथम भागदेखि

छैटौं भागसम्मै पूर्णविराम छैन । प्रथम भागमा १९ वटा अल्पविराम, आठवटा आश्चर्यवाचक चिह्न र दुईवटा खाली ठाँउ छन् । दोस्रोमा ११ वटा अल्पविराम, चारवटा समास चिह्न, दशवटा उद्गार चिह्न भएर संरचना भएको छ । तेस्रोमा अल्पविराम चार, सातवटा उद्गार, प्रश्नवाचक एउटा छ र पूर्णविराम छैन । चौथोमा अल्पविराम पाँच, खाली स्थान दुई, समास तीन, उद्गार छ वटा छन् । विसर्ग एउटा छ । पाँचौं खण्डमा अल्प विराम १५ वटा, उद्गार १५ वटा, समास चिह्न चारवटा तथा खाली ठाउँ तीन छन् । कविताको छैटौं भागमा १२ वटा उद्गार चिह्न, समास तीनवटा, खाली स्थान ४ वटा र अल्पविराम १४ वटा रहेका छन् र कुनै भागमा पनि पूर्णविराम छैन । कवितामा प्रयोग भएका सङ्केत चिह्नको प्रयोग मानवीय जीवन कहिले पनि पूर्ण छैन भन्ने सन्देशको सार बनेको छ। यस कवितामा प्रस्तुत विषयका आधारमा पनि जीवन र जगत मानिसले साँचेर राखेजस्तो पूर्ण छैन । हाटबजार भर्ने मानिस जसरी पूर्ण छैन त्यसरी नै सत्य, त्रेता, द्वापरका प्राणीका जीवन त पूर्ण थिएनन् भने कलियुगका मानिसको जीवन सबै पूर्ण नहुने नै भयो भन्ने दृष्टिकोणको अभिव्यञ्जना नै यस कवितामा पूर्णविराम नहुनुको तात्पर्य हो ।

अन्तर्वस्तु साहित्यिक कृतिमा अभिव्यक्त हुने मुख्य कथ्यसन्देश हो । साहित्यको विधाका रूपमा कविताको मुख्य अङ्ग भन्नु नै अन्तर्वस्तु हो । कवितामा अन्तर्वस्तुकै अन्तर्यमा अन्य संरचना र रूपाकृतिगत तत्वले सापेक्ष स्वरूप प्राप्त गर्ने हुनाले यसलाई कविताको मेरुदण्ड मानिन्छ । प्रस्तुत लेख “हाट भर्ने मानिस” कविताको अन्तर्वस्तुको विश्लेषण मुख्य समस्यामा केन्द्रित छ । यस कविताले मानिसको सम्पूर्णतालाई बोकेर हिँड्नुपर्ने भाव अभिव्यञ्जित गरेको छ । यस कविताको रचनापूर्व लेखिएका साहित्य चेप्टो रहेको दृष्टिकोण प्रस्तुत गर्ने यस कवितामा ती रचनामा तीन आयाम समावेश थिएन । एक पक्षको मात्र वर्णन भएको हुन्थ्यो । साहित्य चेप्टो, पलायनवादी र भावुकतामा आधारित भएकाले मानिसको सम्पूर्णतालाई खिचेर लेखिनु पर्दथ्यो त्यो पूर्व लेखिएन भन्ने आवश्यकताको महशुस गरी आयमिक चेतना समाख्याताका चेतनामा आएको विषयमा विमर्श भएको छ ।

प्रस्तुत लेखको उद्देश्य “हाट भर्ने मानिस” कवितामा प्रयोग भएको दर्शन पाश्चात्य र पूर्वीयको मिश्रित रूपलाई दार्शनिकताको विश्लेषण र अर्थापन गर्नं नै हो । यस लेखले मिश्रण प्रयोगको रूपमा नयाँ साहित्यिक विचार, नयाँ रूपको संरचना, नयाँ चिन्तन, जेस्टाल्टवाद, घनत्ववाद, हेलियोग्राफ र सामूहिक अवचेतनाबाट मानव जीवका जिन्दगीको सम्पूर्णताको आधारमा खोजेर अध्ययन गरिनुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ । मान्छेलाई झट्ट हेर्दा उसका हात खुट्टा, आँखा, कान, नाक आदि मात्र देखिन्छ । मुटु, कलेजो, फियो, मृगौला, फोक्सो देखिँदैन । आयमेली साहित्यको दार्शनिक पक्षले यति मात्र होइन कला भन्छ । जेस्टाइलवादले मानिसको सम्पूर्ण आद्यस्वरूप, पूर्व र पश्चका दार्शनिक स्वरूप, घनत्व, सम्पूर्णता र वस्तुतालाई हेर्नंपर्छ भन्छ । प्रस्तुत “हाट भर्ने मानिस” कविताका आयामले मानिसको आन्तरिक र बाह्य पक्षलाई दार्शनिक आँखाबाट निफनेर हेर्न सक्नुपर्छ भन्ने देखाउनु यसको सार, लक्ष्य र उद्देश्य हो । मानिस पृथ्वीमा हाटबजार भर्न आएको हो भने उसले हाटबजार भर्दा सम्पूर्णता, वस्तुगतता, घनत्वलाई किन्ने र बेच्ने गर्छ । कविताको उद्देश्य भनेको आयामलाई पर्गेल्नु

हो । वर्तमान मानिसका राम्रा, नराम्रा, असल, खराव गुणहरूलाई अनुकरण गर्ने गरी उसले भोलिका दिनमा प्राप्त गर्ने यश, कीर्तिको परिणाम पछिल्लो पुस्ताले सम्भने गरोस् र त्यसै प्रकारको व्यवहार गर्दै जीवन व्यतित गरोस् भन्ने सन्देश "हाट भर्ने मानिस" कविताले देखाउन खोजेको विषयमाथिको विमर्श र निष्कर्षण यस लेखको उद्देश्य हो ।

## शोधविधि

गुणात्मक अनुसन्धान पद्धति र पाठमा प्रस्तुत विषयको विश्लेषणकेन्द्री यस लेखमा विश्लेषणात्मक विधिको उपयोग भएको छ । प्रस्तुत लेख पुस्तकालयीय कार्य हो भने यसका लागि आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन भएको छ । यस लेखका सामग्री प्राथमिक र द्वितीयक दुवै स्रोतका रहेका छन् । प्राथमिक स्रोत "हाट भर्ने मानिस" कविता हो भने द्वितीयक स्रोत कविताको अन्तर्वस्तुका विषयमा भएका सैद्धान्तिक र प्रायोगिक पूर्वाध्यायन भएका सामग्री हुन् । कवितामा प्रतिबिम्बित अन्तर्वस्तुको विश्लेषण हुने यस लेखमा उपर्यक्त सिद्धान्तका अतिरिक्त अन्य पक्ष यसका सैद्धान्तिक सीमाङ्कन हुन् भने "हाट भर्ने मानिस" कविताका अतिरिक्त अन्य कविता प्राथमिक सामग्रीको सीमाङ्कन हो । यस लेखको सैद्धान्तिक आधार कविताको आधारभूत तत्त्व अन्तर्वस्तु हो ।

## सैद्धान्तिक आधार

अन्तर्वस्तुको मूल आवरणमा कविताको कलासौन्दर्य पल्लवित हुने भएकाले यो नै कविताको मेरूदण्ड हो । कविताको अन्तर्वस्तुमा वस्तु जीवनजगत्का सम्पूर्ण विषय र त्यससम्बन्धी भावले मूर्तता प्राप्त गर्दछन् । कवितामा जीवनजगत्को विराटतालाई कलात्मक आवरण दिई भाषिक संरचनामा रूपान्तर गर्न महत्त्वपूर्ण भूमिका अन्तर्वस्तुको हुन्छ । कविताको अन्तर्वस्तु जीवनजगत्को विराटतालाई प्रतिनिधित्व गर्ने सूक्ष्मातिसूक्ष्म जीव वा पदार्थदेखि सिङ्गै प्रकृतिको विराटता पनि हुनसक्दछ । अन्तर्वस्तुमा जीवनजगत्मा अस्तित्वमा रहेका भौतिक, अभौतिक, मानसिक, तथा परमतत्त्वसम्बन्धी विराट विषय समावेश हुन्छन् । अन्तर्वस्तु मूलतः संरचनात्मक दृष्टिले जुनसुकै उपविधालाई अँगाले पनि कविताको अन्तर्वस्तु वस्तुजगत् र यसमा अवशिष्ट विविधतापूर्ण मानवीय भाव वा विषयप्रतिको दृष्टिकोण नै हो । कविताको अन्तर्वस्तुमा कथ्यविषय, सन्देश र त्यसले प्रतिबिम्बन गरेको विचारको प्रस्तुति हुन्छ ।

> कवितामा प्रस्तुत भएका विषयका आधार घटना तथा त्यसको योजना र प्रस्तुतीकरणको माध्यम कथानक हो यो सिङ्गो साहित्यको मूलतत्त्व हो । कथ्यविषयको मेरुदण्डका रूपमा कृतिप्रतिको पाठकीय अभिवृत्ति निर्माणका लागि कथ्यमा समावेश हुने घटना, त्यसको कारण, परिणाम र कालको समन्वयबाट निर्मित ठोस विषयसूचक तत्त्व नै कविताको अन्तर्वस्तु हो । (कडन, २००७, पृ. ७१९)

कविता जीवनजगत्को विराटतालाई उन्मुक्त गायन गर्ने साहित्यिक विधा हो । कविताको अन्तर्वस्तु जीवन र यसको यथार्थका सम्बन्धमा निर्मित काल्पनिक पुनर्निर्माणको प्रक्रियाबाट सृजित भावपरिमण्डलसमेत हो । अन्तर्वस्तुले कवितामा प्रस्तुत हुने जीवनजगत्का साथै यससँग सम्बन्धित बृहत्तर पक्षलाई विषय, विचार वा भावका रूपमा प्रस्तुत गर्ने भएकाले यो विश्वप्रकृतिको कलात्मक पुनर्निर्माण पनि हो । जीवनजगत्का बाह्य र आन्तरिक

अनुभवस्वरूप विभिन्न सामग्री वा उपादन र त्यसको भावात्मक-रागात्मक परिणति वा रस कविताको अन्तर्वस्तुअन्तर्गत आउने विषय हुन् (त्रिपाठी र अन्य, २०४६, पृ. १६) । कविताको मूलमूत पक्ष वस्तुजगत् प्रतिबिम्बनका माध्यमबाट त्यसप्रतिको कलात्मक अनुराग उत्पन्न गरी पाठकलाई आश्वस्त तुल्याउनु हो । कविताको अन्तर्वस्तु नै वस्तुजगत्लाई प्रतिबिम्बन गर्ने माध्यम भएकाले यसको बोधबाट पाठकले प्राप्त गर्ने रस अर्थात् भाव यसको मूल प्राप्ति हो । कविताको विषयवस्तुमा केन्द्रीय विचारको प्रतिबिम्बन रहने भएकाले यो कविताको केन्द्रीय संरचक घटक हो भने यसका अभ्यन्तरमा रहने विविध गौण भावको उपस्थितिले मूलभावको केन्द्रीय पथ अर्थात् आशयको पुष्टिका लागि प्रेरक भूमिका निर्वाह गरिरहेका हुन्छन् (शर्मा, २०४८, पृ. ११०) । कविता आफैंमा संरचना रहेको तथा यसको आधारभूत तत्त्व नै अन्तर्वस्तु रहेको निश्चित गर्नसकिन्छ ।

कविता कलात्मक, रागात्मक र लयात्मक साहित्यिक विधा रहेकाले यसको अन्तर्वस्तु सम्प्रेष्य र हृदयग्राह्य हुनुपर्दछ। कविता भाषाको उच्चतम कलामूल्यका आधारमा जीवनजगत्का यथार्थको पुनर्निर्माण गर्ने अभिव्यक्ति भएकाले यसको अन्तर्वस्तुमा यथार्थ र त्यसको द्वन्द्वात्मक विशेषता कलात्मकता सिर्जना गर्ने आधारका रुपमा प्रस्तुत गरिनुपर्दछ मानिन्छन्। सिर्जनामा अभिव्यञ्जित द्वन्द्व दुई भिन्न अवस्था व्यक्ति, समूह, सन्दर्भ, तत्त्व, संस्कृति, सिद्धान्त र मानवीय मानसिकता उत्पन्न हुने भिन्नताको उपज हो (हर्नबी, २००३, पृ. २५८) । कविताले जीवनजगत्को बाह्यान्तरिक यथार्थलाई काल्पनिक पुनर्निर्माण गरी कलात्मक आवरण दिए पनि यसले प्रतिबिम्बन गरेका विषय कुनै न कुनै रूपमा यथार्थलाई प्रकटीकरण गर्ने आधार हुन् । कविता सिर्जनाको मूलभूत साध्य रसभावगत प्राप्ति नै हो । काव्यको साध्यपक्ष रस र ध्वनि नै हो र साधन पक्ष अलङ्कार हो तापनि साधन, साध्य र सिद्धि तीन कुरामा विचार गर्ने हो भने साधनसापेक्ष साध्यको सिद्धि सफल र पूर्ण बन्दछ भन्ने तथ्यनिर्विवाद छ (पन्त, २०५५, पृ. ४९) । समाज, संस्कृति र जीवनसम्बन्धी मानवीय दृष्टिकोण नै कविताले प्रतिबिम्बन गर्ने अन्तर्वस्तु हुन् । वस्तुजगत्सम्बद्ध वस्तु, प्रकृति, संस्कृति, रागभाव, भूगोल, इतिहास, राजनीति, धर्म, दर्शन, मानवीय अनुभव, अनुभूति, तत्कालिक यथार्थ र वस्तुस्थिति कविताको अन्तर्वस्तुमा प्रतिबिम्बन हुने विषय हुन् । सर्जकको चयनगत स्वतन्त्रता र विषयगत असीमितताका कारण कविताको अन्तर्वस्तुमा अनेकता र विविधताको स्थिति देखिन्छ (लुइटेल, २०५९/६०, पृ. ७) । कविता मानवीय मनोविज्ञानलाई शब्दका माध्यमबाट अभिव्यक्त गर्ने भाषिक शिल्प पनि हो । मानवीय मनोजगत्मा जीवनजगत् र विश्वप्रकृतिसम्बन्धी दृष्टिकोणसँग सम्बन्धित कलात्मकता कवितामा अभिव्यञ्जित हुन्छन् ।

कविता संसारिकताका केन्द्रित विषय हो भने यसले चित्रण गर्ने सांसारिकता तथा त्यसको पुनर्निर्माण कविताको अन्तर्वस्तु हो । कविताको विषयसँग सम्बन्धित मुख्य आवयविक संरचक घटकका रूपमा अन्तर्वस्तुले कविले चयन गरेको विषय, भाव, विचार र तत्जन्य काव्यिक सामग्रीको समष्टिलाई बोध गराउँछ (भट्टराई, २०७०, पृ. १५) । अन्तर्वस्तुमा समावेश हुने विषय तथा तिनको सार्विक विशेषता परस्परमा नमिले पनि तिनले जीवनजगत्मा रहेका द्वन्द्वात्मकता र अन्तर्विरोधका आधारमा काव्यिक विषयलाई गतिशीलताका साथै समन्वयबाट

भावगत एकरूपता सिर्जना गर्न प्रेरक भूमिका हो । कविताको वस्तुतत्त्वअन्तर्गत आउने महत्त्वपूर्ण संरचक घटक द्वन्द्वमा दुई फरक भाव, परिस्थिति, पात्र, मानसिकता आदिका बीचमा हुने सङ्घर्ष हो (गौतम, २०६९, पृ. ९२)। कविताको अन्तर्वस्तु साहित्यका अन्यविधाकै सापेक्ष जीवजगत्सँग सम्बन्धित अनुभूतिको पुञ्जलाई अङ्गीतत्त्वका रूपमा लिई तिनमा आख्यान, विषय र विचारतत्त्व प्रधानताका आधारमा सिर्जना गरिन्छ । जीवनजगत् जस्तो छ त्यस्तै अथवा त्यो स्रष्टालाई कस्तो लाग्छ भन्ने विषयमा केन्द्रित रही तद्विषयक हार्दिकता, रागात्मकता, बिम्बात्मकता, प्रतीकात्मकता आदि उपकरण भावपक्षलाई प्रतिध्वनित गर्ने माध्यम मानिन्छन् (गड्तौला, २०७७, पृ. ९४) । कविताको स्थूल विषयका रूपमा आउने ब्रह्माण्ड र यसको यथार्थ तथा अन्तर्तहमा आउने अनुभूति, त्यसको प्रस्तुतीकरण तथा त्यसको ढाँचा अन्तर्वस्तुमा समेटिने विषय हुन् । विषयको आख्यानीकरण, नाटकीकरण, पात्र, परिवेश, घटनाको प्रयोग तथा तिनको विन्यास योजना अन्तर्वस्तुका प्रविधि हुन् । जीवनजगत्को त्रिआयामिक पक्षलाई हेर्ने साहित्य वा कविता नै समग्रमा स्तरीय कविता हुन् भन्ने मान्यता राख्ने आयामेली चिन्तनको काव्यिक अभिव्यञ्जना भएको '"हाट भर्ने मानिस" कविता अन्तर्वस्तु विश्लेषणका दृष्टिले अध्ययनीय कृति हो । प्रस्तुत कविताको अन्तर्वस्तुको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत "हाट भर्ने मानिस" वैरागी काइँलाका कविता कवितासङ्ग्रह (२०३१) मा सङ्गृहीत भई प्रकाशित कविता हो । यस कविताका सन्दर्भमा हाट नाम शब्द हो । यो संस्कृतको "हट्ट" शब्दबाट बनेको तद्भव शब्द हो । हाट भर्न तोकिएको बार र समयमा गाउँघरमा लाग्ने स-सानो अस्थायी बजार हो । बजारमा मानिस हप्ताको दुईचोटि आउनेजाने गर्दछ । बजारमा माल, सामान, चिज, वस्तु, पदार्थहरू किन, बेच र साटासाट वा लेनदेन गर्ने कार्य हाटबजारबाटै हुन्छ । यसैलाई बजार भर्न जाने भनिन्छ । प्रस्तुत कविताको समाख्याताको दर्शनिक विचारका आधारमा पृथ्वी एउटा बजार हो । पृथ्वीमा प्रकृतिका यावत् वस्तु, पदार्थ र चिज बीजहरू पाइन्छन् । धर्म कर्म, पाप, पुण्य, यश, कीर्तिको उपयोग र उपभोग गर्न मान्छे पृथ्वीमा हाट भर्नका लागि आएको हो । हाट भर्न आउँदा मानिसले कर्म गर्नँ पर्छ । कर्म राम्रा नराम्रा असल, दुर्व्यवहार समाजले कुन हुन् छुटयाउँछ ? गर्न हुने कर्मले मान्छे अजरामर हुन्छ । गर्न नहुने कर्मले गर्दा ऊ यो लोकमा अपूज्य हुन्छ र यदि परलोक छ भने इहलोक र परलोक दुबै सुधारेर जान्छ । यस्तो ज्ञान उसले हाट र बजारको माध्यमद्वारा समाजबाट पाउँछ । पृथ्वी मानिसको स्थायी रमणा गर्ने र दीर्घकालसम्म घुम्ने स्थान मात्र होइन । क्षणिक समयका सीमासम्म मात्र मानिसलाई पृथ्वीमा बस्ने अधिकार समयले र आयुले दिएको हुन्छ । समय बलवान् छ । जीवनको क्षणभङ्गुरता नै हाटको पर्याय हो जसरी हाटमा स्थायी दोकानदार र पसलेहरू हुँदैनन् । त्यस्तै जीवनको स्थायित्व हुँदैन । तोकिएको दिनमा तोकिएको समय सीमामा मात्र किनबेच लेनदेन र आवतजावत हुन्छ । यो भनेको उमेर, आयु रहुजन्जेलसम्म मात्र हाटमा बस भनेको हो । त्यस्तो स्थान पृथ्वी हो र हाट लाग्ने स्थान हो । विभिन्न स्थानबाट, विभिन्न पूर्वकर्म गरेका र परकर्म गर्नलाई विभिन्न स्थानमा पुग्ने उद्देश्य र लक्ष्य लिएर

मानिसहरू बाबुआमा र प्रकृतिका नियमका आधारमा हाटमा भेला भएका हुन्छन् । भला कुसारी गर्छन् र केही क्षणपछि आ-आफ्नोबाटो लाग्ने मानिसको समूह र जमातको भेला हाटबजार हो ।

प्रकृतिबाट जरायुज, अण्डज, स्वदेज र उदिभजसँग हेलमेल गर्न आएका यावत् वस्तु र पदार्थहरू हुन् । सबैको यो मर्त्यमण्डल केवल यो एउटा हाट वा बजार मात्र हो । यहाँ मानिस अजम्बरी भई बाँच्न र सुख भोग गर्न मात्र आएको हुँदैन । उसले सुख सँगै दु:ख र दु:ख सँगै सुख धर्म, अर्थ, कर्म, यश कमाएर हाटबजारमा लेनदेन, साटासाट गर्छ । स्वरोजगारका निम्ति उनीहरू यहाँ कमाइ गर्ने साधन खोज्न आएको हुन् । यिनै साधन लिएर मानिस मृत्युको मुखतिर जान्छ भन्ने गरिन्छ । जीवनमा जन्मनु पढ्नु, सन्तान् उत्पादन गर्नँ र पृथ्वीको समस्त वस्तु पदार्थ उपभोग र उपयोग गरी आत्मघात, सहर्ष वा असामयिक निधनका माध्यमबाट मृत्युवरण गर्नँ मात्र मानिसका काम होइनन् । यी काम त मानिस बाहेक पृथ्वी आकाश, जल आदिमा पाइने अरू जल, स्थल र आकाशमा विचरण गर्ने प्राणीले पनि विधिद्वारा बनाइएका यो विधानलाई सबैले पालना गर्छन् । त्यसकारण कविताको हाटबजार भर्ने मानिसमा आरोपित शीर्षक बिम्बात्मक र प्रतीकात्मक छ । मानिसको जन्म, मृत्यु र भोग सँधै मानिस तथा अरू प्राणीसँगै हुन्छ । जन्म लम्बाइ हो । मृत्यु चौडाइ हो भने भोग त्यसको गहिराइ हो । हाट लम्बाइ हो । भर्ने यसको चौडाइ हो । भोग मानिसको गहिराइ हो । यस कविताको रचनाक्रमअनुसार जीवन र यसको त्रिआयामिक सन्दर्भसँग जोडिएका प्रत्येक भागमा अभिव्यक्त अन्तर्वस्तुको विवेचना तलका सन्दर्भमा भएको छ ।

प्रस्तुत "हाट भर्ने मानिस" कविताको पहिलो भाग सृष्टि र स्थितिको दर्शनमा पृथ्वी र जीव चैतन्यको कारकसँग सम्बन्धित छ । यस भागले धरतीको बहुआयामिक पक्षको विवेचना गर्दछ । पृथ्वी पाँचौ ग्रह हो । नक्षत्रमाथिको खुल्ला आकाश नीलो र शून्य देखिन्छ । गणितले खाली भागलाई शून्य भन्दछ । शून्य र सन्नाटा देखिने अपार स्थानमा धान, गहूँ, जौ आदि बालीनाली बोटविरूवा फलफूल मात्रै होइन पातै समेत खाएर नाङ्गो पार्ने फट्याङग्राजस्ता उड्वा किराले प्रकृतिका यावत वस्तु र पदार्थलाई नै शून्यमा झारी दिएको छ । मानिस सलहजस्तै हो । मान्छेले पनि पृथ्वी, समुद्रको सतह मुनिको भाग र आकाशसम्मका, वस्तु, पदार्थ, चिज सबैमाथि विजय र चडाई गरिरहेको छ । प्रत्येक सुखका पछि भय र चिन्ताको भाव बनिरहन्छ । यो "हाट भर्ने मानिस" कविताको भावमा मात्र लागु हुने होइन सबै विषय र क्षेत्रमा लागु हुन्छ । भयलाई विद्वान्हरू स्वस्थ्यलाई रोगको, धनीलाई चोर र लुटेराको, सुन्दरलाई बृद्धावस्थाको, सम्भ्रान्तलाई अपमानको, विद्वानलाई प्रतिकारी वा वादविवाद र तर्कको, गुणवानलाई, अगुणी र विद्वान्को भय रहने पक्षको विश्लेषण गर्दछन् । मानिस रूँदै जन्म लिन्छ । शिकायत गर्दै बाँचेको हुन्छ । असन्तुष्ट अवस्थामा र मसान घरमा पुग्दछ । जवान मानिस, बुढो पनि भइँदैन किन भन्ने भविष्यको सुनौलो सपना देखेर आशावादी हुन्छ । मानिस मानसिक त्रास, भय, शङ्का, सन्देह बोकेर पृथ्वीमा घस्रदै बाँचेको छ (स्वामी ईश्वरानन्द, २०१६, पृ १३) । ओज, माधुर्य प्रसाद अभिव्यक्तिबाट प्रस्तुत गरिएको यथार्थ वस्तुलाई पैतालाले कुल्चेर दिवास्वप्न र स्वार्थ बोकेरमाथि उठ्न खोज्ने मान्छे मर्त्यमण्डलरूपी हाटबजारमा भौतारिदै अलमलिएको छ ।

मान्छेले खँदिलो, ओझिलो र बोझिलो एवम् गहकिलो वस्तुलाई घिस्याउँदै तान्दै हिँड्छ । सारहीन वस्तुलाई सम्पूर्णता ठान्छ । सारवान् वस्तुलाई खोक्रो देख्छ । यस्ता वस्तुको घनत्व खोज्नतिर घोरिँदैन ।

मानवीय जीवनको मूल्य बुझ्न आफैंले टेकेको धर्तीमा लाग्ने हाटबजारलाई लिपपोत, सरसफाइ गरेर राम्रो पार्नसक्दैन । बरू मानिसबाट ऊ मानसिकै ताप र रापले भित्रभित्रै कुँडिएको, दुःखित, पिरोलिएको र चिन्तित भएको छ । पीडाले छटपटाएको छाती लिएर मान्छे मानिस नभएर पशु भई हाटबजार भर्ने निहुँले बजार छिरेको छ । मिकजिरी फूल लगाएर, लालुपाते सिउरेर, अत्तरको बास्ना लिँदै हाटबजार भर्ने मानिस पृथ्वीमण्डलमा झरेको छ । पृथ्वीमा मण्डलमा शतायुशतायु मण्डल मार्न खोज्छ तर उसको हाट भर्ने मोटामोटी आयु एकसय बीस वर्षसम्मको मात्र छ । जन्म र मृत्यु बीचको एक शताब्दीलाई मान्छे न हो एक शहस्राब्दी ठान्दछ । शिशु, बाल्यवस्थापछि बैंशमा परिणत हुन्छ, कामोत्तेजनाले मानिसलाई शीघ्रातिशीघ्र विषमलिङ्गीप्रतिको आकर्षणले सताएको हुन्छ । "उम्ले पोखिन्छ दगुरे लोटिन्छ" को भेउ पाएकै हुँदैन । उमेर र यौनाकाङ्क्षाको दास मान्छे भुईंमा न भाँडामा भएर उम्लेको भेउ नै पाएकै हुँदैन । विपरीत लिङ्गीप्रति आकर्षण गर्न तन्नेरीपन देखाउँछ । कविताको समाख्याताले वयस्क हुँदै गएपछि हाटबजार हिँडेका मानिसका विशेषता यसरी प्रस्तुत गरेको छ । स्त्री पुरूष सबैले साँगुरो भोटो, च्यातिएको चौबन्दी, दौरा, सुरूवाल र टाकको सट्टामा गासिने झिनो धागाको त्यान्द्रोको प्रयोग गर्न थाल्छन् । यस्तोलाई कुरकुरे बैंस भनिन्छ । त्यतिबेला कुकुरको पुच्छर बाङ्गो देख्दा पनि मानिसहरूलाई हाँस उठ्छ भनिन्छ । बन्धन र सिरक, डसना, सिराने झुलहरूको खोलहरूको मुखबन्द गर्दै राखिएका छालाका वस्तु, फित्ता, तुना, तनमा, छडी र कोटमाथि राखेका र लगाएका बटन होलमा सिंगारिएर हाट छालाभित्रको जीव गर्व गर्दै हिँड्छ ।

आत्मा वा मानवको भौतिक शरीर रामरौश गर्दै हाट भर्न मान्छे बजारमा जान्छ । समग्र पृथ्वी मनुष्यको लागि बजार हो । यही बजारमा कर्म गर्छौं भनेर प्रतिज्ञा गर्दै मानिस यहाँ घुम्न आएको छ । पृथ्वीलाई राजनीति गर्नेले एउटा आयातनभित्र बाँधेका छन् । लम्बाइ, चौडाइ, उचाइ र गहिराई मानिसका आयतन हुन् । सात महादेश, सात समुद्रको लम्बाई, चौडाइ चाहिँ उचाइ र गहिराइको बन्धनमा पृथ्वीलाई परम्परा र भूगोलविद्ले कैद गरे । शिशुवस्था, बाल्यवस्था, यौवनवस्था र वृद्धवस्थामा मानिस कैद भयो । जन्म र मृत्युको क्रम पृथ्वीरूपी हाटबजारमा जन्मनु र मर्नु, पुनः जन्मनु पुनः मर्नु, पुनः आउने पुनः जानेको क्रम हो । जन्म र मृत्युका साङलोमा बाँधिएर जरायुज, अण्डज, स्वदेश र उद्भिजहरूका प्रकारसँगै एकबाट अर्कोमा घोप्टो, नेप्टो, च्याप्टो हुँदै उल्लेख्य प्राणीहरू निरन्तर हाटबजारमा अहोरात्र बगिरहेका छन् । बग्दा चौरासी लाख योनी पार गर्दा पनि दुःखका सागरमा भ्याँतभ्याँती घोप्टिएको चेप्टिएको, नेप्टिएको र आरोह आवरोह पार गर्दागर्दै मानिस थिलाथिलिएका र पिल्सिएका हुन्छन् । तसर्थ हाटबजार प्रकृति र पुरूषको छाया हो । यस कवितामा अभिव्यञ्जित जीवनको आयाम गणना नै गर्न नसकिने प्रकृतिका ओडार र घामछायामा भ्रमण गरिरहेको जीवको लागि पृथ्वी एकछिनको लागि आवात जावात गर्दा बिसाउने दिनदिनको घामछायाजस्तै विस्तिरत रहेको छ।

पृथ्वीको प्रकृति, होस नभएको र सुबुद्धि न फर्केको मानिसले आवातजावत गर्ने स्थान मात्र हो । जन्मदेखि मृत्युसम्म बिहान भुईंमा लाग्ने तुषारो, खोलाका किनारमा लाग्ने बाक्लो कुहिरो वा हुस्सुजस्तैले मानिसका अज्ञानतालाई ढाकिदिएका छन् । वर्तमानका हाम्रा सुषप्त चेतनाहरू मानिसको धन, यौवन र सत्ता उन्मादले पलातिएका हुन्छन् । सोच विचार, धारणा र चिन्तन लेक क्षेत्रको कुहिरो र हुस्सु लागेजस्तै हुन्छन् । मानिसका सोचाइमा सङ्कीर्णता हुन्छ । काममा उत्ताउलो र उच्छृङ्खल हुन्छ । मानिस छिमेकीका अगाडि पछाडि भुइँमा न भाडाँमा भएर घमण्डले फूलेको हुन्छ । ज्ञान, विज्ञानको चरम रूप विकासको उन्मादले विश्वयुद्ध भई हुस्सुमा परिणत हुन्छ । शास्त्रस्त्र शक्तिको आडमा पृथ्वीका भौगोलिक भेद र भागहरूका अंश हुस्सुमय भएका छन् । विश्वका विकसित मुलुकले १९१४- १९१९ र १९३७ तिर दुईवटा ठूला युद्धहरू खेपिसकेका छन् । जापानको हिरोसिमा र नागासाकीका युद्धहरू मानवीय अहङ्कारका उपजहरू हुन् । महायुद्ध हुँदा उडेको बारूदको धुलोमा रमाउँदै विज्ञानको विकासबाट प्रफूल्ल स्वाद लिँदै हिँड्न मानिस चाहन्छ । त्यसैमा प्रफूल्ल भएर बुद्धिमान हुँ भन्ने मान्छे हावामा कावा खाइरहेको छ ।

मानिसको मन, आत्मा, विचार र कामले आँधि व्याँधि र हावाले उडाएका पातपतिङ्गर उडेजस्तै भौतिक शरीरलाई उडाउँछन् । मानिसको चेतनाहरू भौतिक सुखसुविधाका लागि उडिरहेका हुन्छन् । ऊ उडेपछि हात शून्य लाग्दछ । शून्यमा शून्य जोड्दा हात लागि शून्यै हुन्छ । मानिस नाङ्गै आउँछ । नाङ्गै जान्छ । खाली हात आउँछ खाली हात जान्छ । यसको बोध मानिसले कहिल्यै गर्दैन । शून्यमा भ्रुण गर्भमा प्रवेश गर्छ । शून्यमा जन्मन्छ र शून्यमै मर्छ । मान्छेका दु:खका गौडागल्छिडाले डाँडाकाँडा काट्छन् । कफ, पित्त, वातका बिमार र रोगले सताउन थालेपछि पूर्वजीवन र परजीवनको स्पर्श गराउन प्रकृति बाध्य हुन्छ । फेरि जन्मनु र मर्नँ भनैका नै शून्य हुन् । विश्व शून्यको पोखरी हो । आँखाले दशदिशा हेर्दछ । दशदिशाका कुरा सुन्छ । पूर्व र पश्चस्मरण गर्छ । यी सबै शून्यका जगमा उभिएका छन् । यस्तो विचित्र अवस्थामा बाँचेका मानिसका आनीबानी र क्रियाकलापप्रति समाख्यातामा आक्रोश रहेको छ ।

विश्वइतिहासमा यशकीर्ति, कमाउनेहरू अगण्य छन् । मञ्जुश्रीले काठमाडौंको बस्ती बसाल्न चोभारको डाँडा काटिन् र इतिहासमा सँधै जीवित हुने नाम लेखाइन् । उनी विकास प्रेमी थिइन् । यत्रो ठूलो सहर बसाल्ने उनको विचार र काम सुनौलो अक्षरले लेखिएको छ । मञ्जुश्री अहिले छैनन् । इतिहासमा उनको काम अहिले पनि जीवित छ । मानिस पृथ्वीको दोहन गर्न राजा पृथुजस्तो यो हाटमा बजार भर्न आएको हो । पृथ्वी बीज गर्भ समुद्भवका रूपमा रहेको हुन्छ । पृथ्वीको दोहन ठीक किसिमबाट भएन भने त्यसले वातावरणको विनाश गर्छ । यसले चराचर जगत्कै वातावरण र मौसममा असर पर्छ । यसले मानिसको बृद्धि, विवेक र ज्ञानले रिक्त स्थान परिपूर्ण गर्नसक्दैन बरू शून्यतातिर जाने हो कि भन्नेमा भय भइरहन्छ । कविताका निम्न अंशले यही विषयको पुष्टि गर्दछन् । "शून्यमा जिन्दगी भाँच्चिएर फर्केका प्रारम्भमा फेरि (काँइला, २०३१, पृ. ६४) । यहाँ मानिसका कामबाट समाख्याता त्रस्त र भयभित छ । वैश्विक शस्त्रअस्त्रको विकासले पृथ्वी र पृथ्वीका आसपासको वातावरण खलबलिएको छ । यसले पृथ्वीलाई भार तथा

क्षय भएपछि "पुनरपि जननं पुनरापि मरणं" का रूपमा प्रारम्भतिर फर्कनुपर्ने अवस्थामा मानिसको विज्ञसमूह पुगेको चित्रण भएको छ। कवितामा मानिसका पीडा उर्लिएको पाइन्छ। विकास विनाशका लागि पनि हुन्छ तर त्यस्तो हुनु राम्रो होइन । हाट भर्न एकछिन बजार आएको मानिसको समय क्षणिक छ । यो क्षणिक समयमा गर्नपर्ने कार्य गरिहाल्नु पर्छ। यस कवितामा समाख्याताले यो जीवनभन्दा छिनैमा हुने मृत्युपश्चात्को जीवनको बाली उमारेर हेरचाह, गोडमेल गरी उत्पादन गरेर भविष्यको यशकीर्तिका लागि लहलह बाली फलाउन सबैले सोच्नु पर्ने आग्रह गरेको छ । सरसरी हेर्दा मृत्युपछि शतबीज छर्ने परिपाटीलाई समाख्याताले स्मरण गरेको छ। कवितामा समाख्याताले काठमाडौं उपत्यकाको फाँट, बेंसी र मैदानलाई बाग्मतीको पानीबाट त्यस क्षेत्रका बालीनाली सिञ्चित गर्दा कृषिक्षेत्र सप्रने र बालीनाली लहलह हुनपुग्यो भने चर, अचर सबैलाई फाइदा पुग्दछ तर आज कृषि क्षेत्र दुब्लाउदै गएको र मानवता पनि क्षतविक्षत हुँदै स्वार्थतिर गइरहेको देखेको छ। क्षतविक्षत भएको मानवतालाई चिहानमा पुऱ्याएर फेरि पानी छ्यापेर ब्युँझाउनु पर्ने अवस्था हिजोआज छ।

सूर्योदयको प्रभातीय रविकिरणसँगसँगै झुल्के घामका साथमा बौरने आशामा हामीले नै उद्योग र कृषिका विकास तथा सिर्जना गर्न सक्नुपर्दछ। यसले नै देशको चौतर्फी विकास गर्नसकिन्छ र धार्मिक पर्यटकीय क्षेत्रका विकासका आधारशीलका जगहरू बस्दैजान्छ। श्रोत खोजेर हिमशृङ्खलाबाट बहने बाग्मती, कोशी, गण्डकी, भेरी, कर्णाली नदीबाट उद्योग र कृषिमा सिञ्चित गर्दा बालीहरू अवश्य लहलहाउँछन् । त्यस्तै किसिमबाट क्षतविक्षत हुँदै आएको मानवतालाई बिउँझाएर जीवनरूपी हाटबाट सिञ्चित गर्न जरूरी छ। चिहानमा पुग्न लागेको नेपालको मानवतामा प्राण भरेर तीन दिन, तीन महिना, तीन वर्ष र तीन पुस्ताका लागि व्युँझाउनु जरूरी छ। कविताको समाख्याता पूर्वीय दर्शन छेउमा पुगेर मृत्युशैयामा पुगेको मानवतालाई झुल्के घाममा ब्यूँताउने विश्वास गर्दछ । नेपाली समाजले यस्तो सोच्न नसकेकामा समाख्यातामा आक्रोश छ । "क्षतविक्षत मानवतालाई चिहानबाट (तीन दिनपछि) घामसित बौरिने देशसित उठाएर झोक लल्दछ" (ऐजन, पृ. ६४)। उपर्यक्त कथनबाट के निष्कर्ष निस्कन्छ भने हातहतियार र शास्त्रअस्त्रका संयोग प्रयोग मानिस र प्रकृतिमै गरिने भएकाले, वातावरणमा प्रतिकूल असर पर्ने र मानवता दानवतामा परिणत भई भूक्षयीकरण तथा मानव संहारको स्थितिले पृथ्वी नै शून्यमा रूपान्तरण हुन्छ भन्ने भाव प्रस्तुत कविताका निम्न अभिव्यक्तिमा प्रस्तुत भएका छन् :

> इतिहास घिसार्दछ
> कमिज च्यातिउञ्जेल इतिहासको पन्नाभित्र
> आङमा नङ्ग्याएर कोतरिएको मानचित्र
> रगतपच्छे हिरोसिमाको पराजयको
> साइनवोर्ड (ऐजन, पृ. ६५)

नेपालीको इतिहास गौरवशाली, प्रशंसनीय, वीरत्व, परिवर्तनशील छ। नेपालीका विषयमा कथनीजस्तो छ करनी पनि त्यस्तै छ। नेपालीको इतिहाससँगै वीरत्व पनि इतिहास भइसकेको छ। नेपाली प्रकृति र भूगोल आफ्नै विशिष्टताको छ। त्यही प्रकृति र भूगोलले नेपाली जातिको इतिहासले इतिहासलाई कमिज च्यातिउञ्जेल घिसारेको छ । वर्तमानमा नेपालको इतिहास इतिहासका पन्नाभित्र मात्र छ। शक्तिशालीको इतिहास लेखिएको छ । ओझेल परेका जल,

जमीन, जङ्गलमा ख्याति कमाएको मानिसको इतिहास कमेज (कन्था) च्यातिएजस्तै च्यातिएर ओभ्केलमा परेको छ। नेपाल र नेपाली जातिका भाषा, भेषभूषा संस्कार ख्यातिहरू नङ्ग्याएर कोतरिएको नक्शाजस्तो छ । आज नेपाल र नेपालीको इतिहासमा मान सम्मान चित्रको फोटोजस्तै मात्र छ। प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्ध भएपछि विश्वका मुलुकले विकास र समृद्धिमा कायपलट गरिसकेका छन् । नेपालले गौरवशाली हाम्रा पुर्खाका पौरखको वर्णन गरेर नथाकिकन आफ्नो समय व्यतित गरिरहेको छ । रगतपच्छे भएको हिरोसिमा आज ज्ञानविज्ञानको विकासमा उपल्लो श्रेणीमा पुगिसकेको छ । हामी नेपाली भने पुर्खाको साइन्बोर्ड भ्कुण्ड्याएर मखख परिरहेका छौं ।

यहाँ सबै थोक छ । के छैन ? प्रकृति पनि कति सुन्दर छ ? अरू मुलुकले जस्तो इतिहासमा कसैको दासत्व कहिल्यै स्वीकार्नँ परेन । यसैमा हामी गौरवान्वित छौं । गोपाल, महिषपाल, किरात, लिच्छवी, मल्ल, ठकुरी र शाहकालबाट शासित हुँदै लेखिएको इतिहास आफैंमा स्वर्णिम छ । इतिहासले भन्छ मौलिक आर्थिक विकास गर, देशभित्रको भाग विकास नगरी वैदेशिक र नक्कली बाह्य आडम्बरको समृद्धिले इतिहासको पाना पल्टिँदैन । बरू पश्च गमनतिर मात्र जान्छ । धनका गरीब भए पनि नेपाली मनका गरीब छैनन् तर नेपालीको दुर्बलता भनेकै समाजमा मालिकले लाए अराएको कामसकेका छैनन् । रातदिन नङ्गा खियाएर भए पनि राष्ट्रियतामा आजसम्म कुनै आँच आउन दिइएन । वन, पाखापखेरामा नेपाली जाति इमान्दार र बहादुर छन् आत्म निर्णयमा उत्तिकै कमजोर छन् । पुर्खाका रगत पसिनाले सिञ्चित यो भूगोल र भूमिको जिन्दगी स्वतः रक्षा अरू धेरै मुलुकले गर्न, डाँडाकाँडा चहार्दै कृषि पेशामा निर्भर रहेर आर्जेको मुलुक भौगोलिक विकटताका बावजुद पनि अत्यन्त सुन्दर छ । कृषि व्यवसायमा अधिकांश नेपाली आश्रित छन् । विश्वले जल, थल र आकाशको विकास गरिरहेको अवस्थामा हिरोसिमा र नागासाकीमा हातहतियारसँग अहम्ताको पौठेजोरी खेल्नाले मानवको ठूलो नरसंहार भएको इतिहास आलै छ। शस्त्रअस्त्रमा खेल्नु विजयको कारण होइन बरू पराजयको शिकार हो भन्ने साइनबोर्ड विश्वबजारमा टाँसिसकिएको छ । यो विज्ञापन भोलि कुनै राष्ट्रबाट शस्त्रअस्त्रको अहङ्कारले कुनै मानव जातिमाथि प्रहार हुनगयो भने एउटै चिहान हुने सम्भावना त्यतिकै छ। पुर्खाले जे सिकाए त्यही सिक्यौं । जति नयाँ कुरा सिक्यौं सिकायौं त्यसले वरदानभन्दा पनि श्राप होला कि भन्ने भयले हामी ग्रस्त छौं । हाटबजार मानव विचरण गर्ने एउटा घुम्ती मात्र हो । वैश्विक युद्ध विभीषिका हेर्दा नेपाल भोलि मानचित्रबाट एउटा बगरमा परिणत हुन पनि सक्दछ। लिम्बु पुरोहित फेदाङवाले भोलिका दिनमा आफ्नो धर्मशास्त्रीय तन्त्रशास्त्रबाट हेर्दा अनिष्ट आउने सङ्केत गर्छ । संस्कृतिका नाममा पशुपङ्क्षीको हत्या गर्ने पद्धतिका कारण मानिसको पनि त्यसरी नै हत्या हुनसक्दछ। कविताले हिंसालाई निषेध गर्ने राय दिइरहेको छ । कविताका निम्नलिखित पङ्क्तिमा नेपाली संस्कृति र हिंसाको अन्तर्सम्बन्ध अभिव्यक्त भएको छ । "हो मृत्यु त सम्मान हो" ( ऐजन, पृ. ६५) । नेपाली समाजले संस्कृति मनाउँदा हत्याहिंसा गरेर मनाउँछन् । यो समाजलाई यसले गर्दा हत्याहिंसा र रगतको कलङ्क लागेको छ। विश्व युद्धताका युद्ध लड्नेहरूका परिवार अहिले पनि जिँउदै छन् ।

पूर्वीय संस्कृति, परम्परा र सनातनले मृत्युलाई

मृत्यु नै मान्दैन । पुराना लुगालाई शरीरले फेरेजस्तो मात्र मान्छ । सनातन धर्मले जीव सँधै अजरामर मानी राम्रा काम गर्ने स्वर्ग जान्छ भनेर मृत्युपछिको देहलाई लोभ्याउँछ । गलत काम गर्नेलाई नरक जानुपर्छ भनी भय देखाएर गलत र बेठीक काम गर्नबाट मानिसलाई रोक्दछ । जिन्दगीसँगै मृत्यु हिँडछ । मृत्यु मानिसले देख्तैन । "हाट भर्ने मानिस"कै साथमा मृत्यु डुलिरहन्छ । खाँदा, बस्दा, हिँड्दा, सुत्दा, कर्म गर्दा उठ्ता, निदाउँदा, स्नान, ध्यान, दान, पूजा, पाठ, यज्ञ, यज्ञाङ्ग, सबै स्थानमा मृत्यु सँगसँगै छ । यसर्थ मृत्यु हरेक जीवन र जिन्दगी सँगसँगै हुने स्थिर रूपमा रहने हुनाले यसलाई योगी र वीरहरू विना स्वार्थ अरूको सेवा गरिरहने सल्लाह दिन्छन् र मृत्युलाई पुतलीले बत्ती देख्दा सरल तरिकाले मृत्युवरण आफैं गरेझैं हाट भर्न आएको मानिसले पनि योगी र वीरले जस्तै मृत्युलाई सहर्ष स्वीकार गर्नुपर्छ । यसर्थः मृत्यु दुःख होइन खुशी र सम्मान हो । ईश्लाम धर्मी जन्मदा रून्छन् र मर्दा हास्छन् भनिन्छ । "हाट भर्ने मानिस" का लागि मृत्यु दुःख होइन सुःख र समृद्धिको सम्मान रहने विषय कविताका निम्नलिखित सन्दर्भमा अभिव्यक्त अन्तर्वस्तु हो ।

> यौटा पोथ्रा हरियो को
> यो एउटा ओएसिस !
> उम्रिएको बालुवासित फगत् ।
> तर लत्याइएको वेवारिस वातावरणमा
> पुक्का ! स्वाधीन ! निरूद्देश्य !
> सुख्खा समयको मरूभूमिमा !
>
> (ऐजन, पृ. ६५)

चौरासी हजार योनी पार गरेर पृथ्वीरूपी हाटबजारमा मानिस भएर जन्म लिन्छ । चौरासी हजार योनी एउटा मरूभूमि हो । यस्तो उपल्लो श्रेणीको मानिसको जन्म मरूभूमिको बगैंचामा देखिने एउटा हरियो ओएसिस विरूवा हो । अण्डज स्वदेज, उदिभज र जरायुजका आधारमा जन्मेको मानिस आऐसिस नै हो । चारै तिर दुःख, कष्ट, पीर, भय, आंशङ्काले गुजुल्टिएर र पल्टिएको मरूभूमिको बालुवा समान हो । प्रकृतिले ठगेको, लत्याइएको कोही कतै अरू केही नदेखिने वेवारिसे वातावरणमा फुक्का एक्लो मानिस मरूभूमिको बस्ती र बजारमा हाट भर्ने उद्देश्यले आएको छ । ऊ पराधीनको बन्धनले बाँधिएको छ । ठूलो उद्देश्य लिएर आमाका गर्भमा शुक्रकीट र डिम्बको सहयोगले प्रवेश भई सानो पेटको सानो कोठरीमा आश्रय लिन पुग्दछ । दश महिनाको आश्रयपछि उसले प्रफूल्ल मन र अज्ञान प्रकृति र पुरूषसँग अर्काको सहाराबाट हाट भर्ने बिन्ती गर्दै स्वाधीनताको कल्पना गर्छ । जब मान्छे बाहिर आउँछ । आउना साथ उसले सबै बिर्सिएर निरउद्देश्यमा र अर्काको सहारामा आहार लिएर बाँच्न परजीवी प्राणीका रूपमा परिणत हुन्छ । पृथ्वीमा एक्लो असहाय र अर्कोको सहयोगले मात्र उसको शरीर बृद्धि हुँदै अगाडि बढ्छ । उसलाई समाजले मरूभूमिमा उम्रिएको ओएसस बिरूवाका पोथ्राको महत्त्व दिए झैं उसलाई समाजमा महत्त्व दिन्छ । उसले कता हो कता उच्च र ज्यादा आफैंलाई ठानेको हुन्छ । ओएसिसको हरियोपनाले मरूभूमि नै उज्ज्यालो पार्छ । त्यस्तै बाबुआमा, कुल, खान्दान, इष्टमित्र, गाउँ टोल, छरछिमेक देश, समाज, वर्ग जाति र कुलकुटुम्ब उसले उज्यालो पार्न सक्नुपर्छ । उन्नतिका लागि उसलाई केवल एउटा कूलदीपकका रूपमा हेरिएको हुन्छ । तसर्थः उसले आफैं मात्र उन्नति नगरी राज्य र देशकै उन्नति गर्छ भन्ने सोच समाजले गरेको हुन्छ । हामीले जीवनमा आफ्नो स्वार्थ मात्र हेर्नं हुँदैन । ओएसस

विरूवाले झैं परोपकारको काम समाजमा गर्न सक्नु पर्दछ । वेवारिस भएका र लापरवाही गर्नेहरूलाई सुबाटोमा ल्याएर सुधार्नं पर्छ । स्वाधीनता र पराधीनतालाई अलग बनाउने राजनैतिक, सामाजिक, आर्थिक वातावरणलाई सुख्खामा परिणत हुननदिई विकासका द्वारहरू खोलेर हराभरा बनाउनुपर्छ भन्ने आशय यस भागमा अभिव्यक्त सन्देश हो ।

मानव शरीर एउटा कङ्काल हो । कङ्काल ईंट वा जुत्ता बनाउने फर्माजस्तै हो । फर्मामा रगत, नसा, मासु, बोसो हड्डीले भरिएको शरीरका नौ द्वार छन् । नौ द्वार भएको घरका झ्याल, दैलो दलिनहरू भनेका शरीरभित्र रहेका रगत, मासु, बोसो र हड्डीहरू हुन् । कविताका निम्नलिखित सन्दर्भले मान्छेको संरचना र त्यसको अन्तर्यलाई प्रस्तुत गर्दछ । "फर्माभरि" टाँगिएका औलाहरूका झ्यालमा अनि दैलोमाथि फोइएका माकुराका जालहरू । उफ् ! कति उदास बाँच्नछन् । उफ् । मूक्ति यस्तरी खल्लो र उदास हुन्छ ? ( ऐजन, पृ. ६६) । आकाशले पृथ्वीलाई छोएको देखिने क्षितिज हो । कविताको समाख्याताका भाषामा क्षितिज जीवनदर्शन हो । क्षितिज खुल्ला रूपमा देखिन्छ । मानव जीवनका घरद्वार, परिवार, जग्गा, जमीन, खेतवारी माकुरोको जालोजस्तो हो । माकुरोका जालोमा फस्ने जीव माकुरो र माकुराका बालबच्चाले आहारा बनाएको हुन्छ । यस कवितांशमार्फत् समाख्याताको उद्देश्य मानिस धन दौलतका लागि मरिहत्ते गर्छ त्यो माकुरको परिवारले खाएझैं अरूले नै खान्छन् भन्ने नै हो ।

शरीरभित्र जीवाआत्मा छ । आत्मालाई जीव पनि भनिन्छ । जीव नै ब्रह्म हो । जीव बाहिरको शरीर खोल हो । खोलमा छाला, मासु नशाले जेलिएको हुन्छ, यस्तो शरीरलाई नियालेर हेर्दा साह्रै उदास, उराठ र ढिक्क लाग्दछ । यस्तो दिक्दार र उदासले भरिएको शरीर लिएर बाँच्नु व्यर्थ हुन्छ । बाँच्नु बाध्यता र विवशता हो । दिक्क लाग्दो अवस्थाले भरिएको जीवात्मा मूक्त हुन चाहान्छ । जीवात्मा सँधै बाँची रहेर के हुन्छ ? भन्ने उसमा सँधै असन्तोष छ । उद्देश्य र लक्ष्य विहीन अवस्थामा शरीरभित्र रहेको जीवात्मा छ । जीवात्मा स्वतन्त्रता चाहान्छ । "उफ" ! यो निरूदेश्य, स्वतन्त्रता, एक्लो, स्वतन्त्रता, भत्किसकेका आकाङ्क्षाहरूका सङ्घर्षको आफ्नै व्यर्थताभित्र कैद हुनेछ । उफ ! मूक्ति पनि यसरी खल्लो र उदास हुन्छ ( ऐजन, ६६) । जीवात्मा सँधै स्वतन्त्र छ र स्वतन्त्रता चाहान्छ । ऊ एक्लै छ । एक्लै भएर स्वतन्त्रताको चाहना उसभित्र रहेको छ । मानिसका इच्छा आकाङ्क्षा पूरा हुन नसकेर भत्किसकेका छन् । मानिसभित्रका दमित इच्छा र आकाङ्क्षाले जीवनभरि सङ्घर्ष गरिरहन्छन् । इच्छा र आकाङ्क्षाको दास मानिस हुन्छ । उसका इच्छा र आकाङ्क्षा सूर्यका किरणजस्ता छन् ती सँधै वा कहिल्यै पनि बादलले ढाँकेका कारण पूरा दिन उज्यालो दिनसक्दैनन् । दमित भएर व्यर्थ रूपमा मन भित्रभित्रै कैद भएर रहेका हुन्छन् । जीवले भौतिक शरीर रहुन्जेल केही गर्नसक्दैन । पृथ्वीमा ऊ अस्तित्व र अस्मिताका लागि नित्यै युद्ध लडिरहन्छ । अस्तित्वको भोको जीवनभित्र निराशा र कुण्ठाहरू दविएर रहन्छन् । त्यसले जीवको भोग सकिएपछि जीवन खल्लो र उदास हुँदै मूक्ति खोज्दै भौतारी रहन्छ । यसको तात्पर्य असन्तोषी जीवन स्थिर भएर रहन कहिल्यै सक्दैन भन्ने हो ।

प्रस्तुत कविताको चौथो भाग मानिसमा सुखः दुःख, पीडा, हर्ष, विस्मात्, आशङ्का भय, बुद्धि, मन, चित्त, अहंकारहरू जीवन रूपी पहाडका छाँगाबाट झर्ने झर्नाजस्तै कहिले यो कहिले

ऊ का रूपमा वर्ति रहेका हुन्छन् । मानवको जिन्दगी नदीको छालजस्तै कहिले आँकाशतिर कहिले पातालतिर उचालिँदै पछारिएको हुन्छ । "भित्ता भित्ता ठोक्किनु, आँकाशसम्म उचालिएका आँखाहरू कतै आकाश नभेटेर असन्तुस्ट र अपमानित भई यी आँखाहरू बीच बाटामै खसिदिन्छन् ( ऐजन, पृ. ६६) ।" बाँसका तामाले पृथ्वी छेडेर आकाशै छेडौंला जस्तो गर्छन् तर तामाको टुप्पोमाथि पुगेपछि लुत्रुक्कै नुहुने गर्छ । मानिस पनि जवानी चढेको बेलामा बाँसको तामाजस्तै भूइँमा न भाँडामा भएर जवान साँढेभैं अगाडि डुक्रँदै हिँड्छ । ज्ञानेन्द्रिय, कर्मोन्द्रियसहित दश दिशाबाट तृप्त हुन नसकेको मानिसका बाहिरी र भित्री आँखाले आँकाशमा चियाउँदा शून्यता मात्र पाँउछ "शून्यको अँध्यारो खाडीभित्र फेरि अर्को अनिश्चयको शताब्दीभित्र । अनि हो ! काँधमाथि गिद्ध बोकेर मुट लुछाउनु (ऐजन, पृ. ६६) ।" बाँचुन्जेल हाफर जाफर गर्ने जीवन मर्दा साथमा लिएर जाने केही भेट्तैन । "मान्छे विग्रन्छ दश मनले वस्तु विग्रन्छ एक मनले" भनेभैं भौतिकताको भोकले ऊ सँधै असन्तुष्ट नै हुन्छ । ज्ञानका अभावले पिल्सिएको छ । विवेकहीन पाशोमा परेर ऊ छटपटाउँछ। उसको मन हीरा, मोती, मणि, माणिक्य, जुहारातमाथि सयल गर्न चाहन्छ। ऊ अभै कल्पनामा मस्त रमाउन खोज्छ । गर्ने, नगर्ने कृत्याकृत्य प्रति सचेत रहँदैन । भौतिक र आसुरी सम्पत्तिको चाहना राख्छ र भौतिक श्री सम्पत्ति घरमा बढी भन्दा बढी थुपार्न खोज्छ । ऊ सनातन संस्कृतिको आचरण हीन छ । भोग्य, अभोग्य वस्तुप्रति ख्याल गर्दैन । ऊ आफ्नै कारणले समाजबाट तिरस्कृत छ । उसलाई समाजले उसको कामको कारण अपमानित गरिराखेको हुन्छन् । उसमा धन सम्पति जायजेथाका घमण्डको कारण जुन उद्देश्य र लक्ष्य लिएर हाटबजार भर्न पृथ्वीमा आएको हुन्छ। सो पूरा गर्नसक्दैन। रित्तो फर्किएर जान्छ। "खुम्चिएको छालाहरूको खापैखापभित्र नजरबन्द छ, मभित्र यौटा शिर ढलिसकेको विद्रोह ( ऐजन, पृ. ६७) ।" ऊ उदेश्य र लक्ष्यसम्म पुग्न नसकी बीच बाटैमा खस्तछ। जति जति मन र बुद्धिले उचित्त र अनुचितका अहङ्कारद्वारा कल्पना गरेको हुन्छ । सोचेका विचार "मनका लडड घिऊ सित खा" का रूपमा पूरा नभई यौटा विद्रोहका रूपमा बाटामै अलपत्र पर्दछ । पर्याप्त धन सम्पत्ति भएर पनि शून्यको अँध्यारो खाडीभित्र ऊ पछारिन्छ । ऊ के गर्न हुने के गर्न नहुने कै रूपमा किंकर्तव्यविमूढ भई बर्षौबर्षौको शताब्दीलाई काँधमा बोकेर हिंस्रक गिद्धरूपी रोगले सताउँदै शरीरलाई पीडा दिएर शरीरका अङ्ग प्रत्यङ्गहरूलाई लुछाउँछ । लुछिएको पीडाले छटपटाउदै हिँडछ। ऊ आफ्नै चरित्र र प्रकृतिगत स्वभावको अनुभव बटुलेको मानव आफ्नै अनुभूतिबाटै आफैं वञ्चित हुन्छ । शिवजी वा शङ्कर श्मसानमा बस्तछन् । भूतप्रेत खेलाउँछन् । पिशाचहरू गणको मुठीमा रहन्छन् र किंकर्तव्यविमूढ भएर खुम्चिएको मानिस बृद्धावस्था भएपछि मृत्यु नजिकै आउँदा छालाहरू चाउरिएर खापैखाप परेर खुँम्चदै जान्छन् । सेलहरू कमजोर हुँदैजान्छन् । एक सेलले अर्को सेललाई नजरबन्द गर्दै जान्छ। प्रोटो प्लाजहरूले काम गर्नै छोड्छन् । मानिसमा युवाको जोश हटेर बृद्धावस्थामा पुग्दा क्षणिक होश भए पनि जोश नासिदै जान्छ । हिम्मत, आँट, जोश जागर हरूलाई ज्ञानेन्द्रिय र कर्मोन्द्रियहरूले शिथिल पार्दै जान्छन् । अन्नभय कोश र पञ्चीकरण आदि शिथिल हुँदै जान्छन्। समाजमा हिजोको प्रतिष्ठा गुँम्दै जान्छ । इज्जत गर्नेले इज्जत

गर्दैनन् । आफ्नै परिवारबाट हेला गरिन्छन् । एक्का हुँदै झुकेको शिरले पारिवारिक विद्रोहको मन्द गतिले मात्र सामना गर्नसक्दछ । हात गोडाभित्रका मासी शिथिल भएका कारण ऊ केही गर्न नसकी असमर्थ हुन्छ र गर्नसक्दैन ।

प्रस्तुत कविताको पाँचौं भागमा मानिसको स्थिति र समय सँधै अन्तर्द्वन्द्वमा बितेको हुन्छ । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यले मानिसका अन्तरकुन्तरमा युद्ध गरिरहेको विषय अन्तर्वस्तुका रूपमा प्रस्तुत भएको छ । तथापि मानिसको जीव शरीर र मन नै महायुद्धको मैदान हो । महा सङ्ग्रामको अन्तर्द्वन्द्वले मानव समाजमा कहिले प्रतिष्ठित बनाउँछ । कहिले निम्नस्तरको काम गर्न सघाउँछ । कहिले कफ, वात, पित्त र श्लेष्यले मृत्युका मुखमा पुऱ्याउँछ । फगत अन्तर्द्वन्द्वका कारण यी सबै भएका हुन् । अर्कोतिर काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य (दाहाल, २०५६, पृ. १० ९) ले भित्रभित्रै मानसिक युद्ध लडिरहेका हुन्छन् । यसर्थः मानिसको शरीर र मन नै युद्धको महामैदान हो । भौतिक शरीर कहिले पानीका फोकाजस्तै नाशवान् र कहिले मेघको बिजुली चम्केजस्तै बायाँ दाँयाजस्तो क्षणिक हुन्छ । कहिले झारपातको आगोझैं हुर्र बलेर झयाप्प निभ्ने हुन्छ । कहिले स्थल सुख्खाको जलजस्तो क्षणिकमा सुक्ने हुन्छ । व्यभिचार गर्ने स्त्रीसँग संभोग गरेझैं दीर्घकालसम्म नटिक्ने र कुमित्रको मित्रताजस्तै अल्पकालमै विछोड हुने द्वन्द्व मानिसमै भित्रभित्रै मडारिरहेको हुन्छ । यसले गर्दा हाट भर्न आएको मानिसको जीवनले कर्तव्य पूरा नगरी मृत्युका मुखमा पुऱ्याउँछ । भिसुभिएस नामका शस्त्रअस्त्र मनकै अन्तर्द्वन्दले पडकाउँछ । लपलपाउँदो आगो बालेर घमण्ड, पाखण्ड अभिमान, क्रोध, कठोरवाणी र अज्ञानका मान्छेका विकृति र विसङ्गतिलाई आफैंभित्र जलेको अग्निमा होमी दिन्छ । मानचित्रको जिन्दगीमा उपवास, अल्पभोजन, हाट भर्न बजारमा रहँदा बस्दा पालन गर्नपर्ने नियम, वार्ताक, शालीन, यायावर, घोरसन्यासिक, उच्छवृत्ति र आयाचित मध्ये कुनै एक बनेर बाँच्नु पर्ने मानिसका जीवनको मानचित्र हो ।" "धृष्टताका असमनान्तर रेखाहरू असल मानचित्रमा जिन्दगीको (काइँला, २०३१, पृ. ६७) ।" शरीर विकारै विकारको घर हो । पञ्चतत्वले निर्माण भएको शरीरमा ज्वरो फुट्छ, रिगटा चल्छ, टाउको दुख्छ, हातगोडा कर्कर खान्छ । मुटु फोक्सो, कलेजो, मृगौला, पित्त, आन्द्रा भुँडीमा पीडा हुन्छ । भौतिक शरीरद्वारा सहन गर्न सकिँदैन ।

सुख दुःखका आरोह अवरोह उकाली, ओराली, चौरालीहरू "हाट भर्ने मानिस"का समयान्तर रेखा हुन् । यिनै रेखाका वरिपरि घुमेर बाँच्न्न मानिस बाध्य छ । भाले र पोथीपनको आभाष र कर्ममा नदेखिँदा र त्यसको फिकापनका कारण नपुंसकताझैं लागेर रिस उठ्छ । हाटबजार भर्न आएका आँखाले गर्वित, मुदित, लज्जित, क्षोमित, क्षुदित र तृर्षात पृथ्वीको गोल चक्कर लगाउने ग्रहगोचरझैं हिँडेको देख्ता नपुंसकताको बोध हुन्छ । बिराला र बाघका जस्ता नग्रा र आँखाहरूले अरूअरू मुलुकले गरेको प्रगति हेर्नसक्दैनन् । शस्त्रअस्त्रको घमण्डले गर्दा छिमेकीहरूप्रति स्नेह गर्ने, प्रेम बढाउने, सुखी पार्ने, रक्षा गर्ने, कदर गर्ने र खुशी हुनुपर्दथ्यो । त्यो नभएर नील नदीलाई आफ्नो मुट्ठीको पार्न हत्केलामै सुकाउन चाहान्छ" "कैलाकैला आँखाहरूको सागरभित्र सुकाउँछ, नीलनदी हत्केलामा ( ऐजन, पृ. ६८) ।" ताँतीमा लागेका मान्छे जातिमाथि शस्त्रीकरण र प्राकृतिक प्रकोपका कारण भय,

त्रास, चिन्ता, क्रोध, ईर्ष्याका चोइटाहरूबाट आतङ्कित भइरहेको छ । मानव जीवनको भित्रैबाट निस्केको वडवानल रूपी आगोले विश्व ध्वस्त पारेको छ । शस्त्रअस्त्रद्वारा मानव शरीरलाई होम गर्न रूचाउँछन् । जिन्दगी प्रकृति र पुरूषको संम्भोग र संयोगलाई आह्वान गर्दापाएको हो । यो पृथ्वीमा दृश्य रूपमा एकपटक मात्र मानिसले पाइला टेकेको हो ।

पृथ्वी एउटा चौहानी चोक, ग्यौराली र चौतारो हो । जीवनले चौरासी लाख योनी पार गरेर यो चोकमा आएको हो । मानव जीवन कठोरभन्दा नरम हुनुपर्दछ । नरमका नाममा गलत काम गर्नँहुन्न । कामको छाँयामा भासिएर यदाकदा मानिस बेठीक काम गर्छ । अपराध र अपराधी प्रवृत्ति कहिल्यै देखाउनु हुन्न । पूर्वीय सभ्यताका मुटु र हृदय भनेकै धर्म र संस्कृतिहरू नै हुन् । धर्म र संस्कृतिले मानवता र नैतिकताको संरक्षण गर्छ । नैतिकताको बन्धनमा बाँधेर जिन्दगीलाई सामाजिकीकरण गरेर रूपान्तरण गरिनुपर्छ । प्राचीन कालदेखि हाम्रो नेतृत्व वेद, वेदान्त, श्रुति, स्मृति आदिका दर्शनले गरेको छ । यसर्थ यसलाई कर्के आँखाले होइन गौर गरेर आँखा घोप्ट्याएर हेर्नँपर्छ । यसरी नहेर्नाको कारण मानवीय जिन्दगी अलपत्र परेको छ । "यस चोकमा गोलो छायाँमा भास्सिएको अपराधीहरूलाई संझौता बाँधेर पैताला, आँखाहरू घोप्टाएर पैतालाको छापभित्र पोखाइसकेर जिन्दगी" ( ऐजन, पृ. ६९) । शास्त्रले निर्देशन गरेका मूल्य र मान्यताहरूलाई हाल पैताला मुनि राखेर मानिसको जिन्दगी हिँड्न थाल्यो । हाम्रो आर्ष सभ्यता र ऋषि महर्षिद्वारा अनुसन्धान गरी समाजलाई संरक्षणका लागि जिम्मा दिएका ज्ञान विज्ञानलाई पैताला मुनि कुल्चेर राख्ने गरिएको छ ।

परापूर्व कालदेखि छाप छोड्दै आएको ज्ञान पश्चिमी शिक्षाको कारण आफ्नो अतीतको संस्कार, आचार र संस्कृतिलाई बिर्सदैछौ । हामी पुरानो आस्था र विचारलाई बिर्सन्छौ । नयाँ सडकका गोरेटो र घोडेटोमा हिँडन खोज्छौं । यसले मानव जीवनको जीवन यता न उताको भीरको चिण्डोजस्तै भएको छ । हामी प्राचीन र अतीतलाई भूल्दा नयाँ बाटो पहिल्याउन नसकेर कुहिराका काग भएका छौ । हाम्रा अध्ययन अनुसन्धान रित्ता गाग्रीहरूजस्तै सार हीन, भावहीन निष्कर्षहीन भई गतिहीन भएका छन् । "हाट भर्ने मानिस"हरू यताउता अल्मलिइरहेका रित्ता गाग्रीहरूजस्तै गतिहीन छन्।यी "हाट भर्ने मानिस"हरू हालसालका लागि मात्र ( ऐजन, पृ. ६९) । शिक्षा त मानिस आर्जन गर्छन् तर कागजी प्रमाण पत्रहरू मात्रासच्चा शिक्षाहरू गीता, भागवत, वेद, पूराणहरू स्मृति र श्रुतिहरूबाट पाइन्छ । हाट भर्न आएका मानिसले यस्ता ज्ञानको मूल्य र मर्मलाई च्याप्प समातोस् ।

रामायण र महाभारतजस्ता महाकाव्यहरू र अठार पूराण, अठार उपपूराण, अठार औपपूराण, ज्ञान विज्ञानप्रति त्यसको मर्मसम्म पुगोस् र आलोचना गर्न थाले सुहाँउछ । त्यसभित्रको गुह्य ज्ञानमा नपुगी आलोचना गर्नेहरूलाई निहु खोजेर च्याप्प समातेर झापटै झापटले हानिदिनु उपयुक्त हुन्छ । "च्याप्प समातेर आँखामा निहुँ खोज्नु अनि पिटिदिनु, झाँपट झापटले गीताको तार । बालेर आँखाभित्र प्रत्येक अर्जँनको । "गीता आकाशका ताराले जस्तै ज्योति छर्ने ज्ञानको आधार हो । तिरमिर अज्ञानताले "हाट भर्ने मानिस"लाई कृष्ण र अर्जँनको संवादको मदानीबाट मथेर निस्केको ज्ञानरूपी ताराले प्रत्येक मानिसका आँखा

उग्रन्छन् । गीतामा ज्ञानको क्षमता अपार रहेको छ । यसभित्र हाटबजारको मानिसले गीतारूपी पोखरीमा पौडी खेल्न सक्नुपर्छ भन्ने सन्देश कविताले प्रवाह गरेको छ ।

मानव जीवन दुःखै दुःखको कुरूक्षेत्र हो । "हाट भर्ने मानिस"ले मर्त्यमण्डल रूपी कुरूक्षेत्रमा आफैंभित्र रहेको आलस्यले झगडा, कुरू रीतिको पक्षपात अन्यायको राग, द्वेषरूपी आफन्त र कुटुम्ब रूपी यी कौरवहरूको बलि दिन सक्नुपर्छ । क्यानभासको पल्लो छेउमा पुगेर अधर्मै अधर्मले भरिएको जीवनले कुरूक्षेत्रमा झैं आफैंन्तले आफैंन्तलाई नाश गर्दछ । जीवन सँधै धर्मका लागि हो । अधर्मका विरूद्ध धर्मले विजय प्राप्त गर्न क्यान्भासको पल्लो छेउसम्म युद्ध लड्न पुग्नु पर्दछ । यहाँ हरेकले हरेकलाई आक्रमण गर्छन् । चारैतिर भय विसङ्गति र विकृतिलाई जरैबाट उखालेर फाल्नुछ। प्रत्येक काम र मामको खोजीमा विदेशी भासिएकाहरूले र डाइसपोरा साहित्य निर्माण गर्दछन् । प्रत्येक शासकबाट पीडित हुँदै रोजी रोटीका लागि विदेश जान्छन् । यस्ता वार्ताक, शालीन, यायवर, घोरसन्यासिक, उच्छवृत्ति र अयातितका रूपमा विदेशमा गएर घरजम गरे पनि स्वदेशको माया गर्दै आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक जिन्दगीलाई जीवन्त राखेर बिताएका हुन्छन् (दाहाल, २०५६, पृ. १०९) । कतिले त शासकबाट पीडित भएर प्रवासमा जान बाध्य छन् । जर्जर कर्मवादी र भाग्यवादीको भरपर्दा उदासीनताले सताइएका हुन्छन् । जोश, जागर, उत्साह र उमङ्गमाथि तुषारापात हुन्छ्यी उदासीनताका स्तम्भहरू हुन् । यसलाई काट्न नसकेर र आँट नआएर खुकुरीको धार मेटनु परेको छ। नेपाली वीरता विश्वमै प्रख्यात छ । ज्ञानेन्द्रीय, कर्मन्द्रीय, पञ्चकोश, पञ्चीकरणबाट निर्माण भएको "हाट भर्ने मानिस"को जिन्दगी कि कर्तव्य विमूढजस्तो भएको छ । नेपाली वीरतामाथि खिया लागि रहेको छ । मानिस धडकन मानिसका इच्छा, आकाङ्क्षा, बुद्धि, मन र प्रज्ञारूपी ज्ञान अउँसाका रूपमा परजीवी बनेर जीवन धान्दै दुःखसँग मृत्युवरण गर्नुपरेको छ। हाट भर्न आएको मानिस मृत्युको डोरीमा लपेटिँदै मर्त्यमण्डलमा जे उद्देश्य र लक्ष्य लिएर आएको हो त्यो पूरा गर्ननसकी निस्सार र निर र्थक मृत्युवरण गरिरहेको सन्दर्भ निम्नलिखित सन्दर्भको अन्तर्वस्तु हो :

> गन्थीको छातीको गोली न भेट्टाएर
> टुडिखेलमा खरीको बोट न भेट्टाएर
> जेरूसलेमका गल्लीहरूमा कांटी न भेट्टाएर
> यो तक्षक आत्मा हत्यामा फेरि भौतारिन्छ ।
> (सान्वय व्याख्या । (काइँला, २०३१, पृ. ६८)

हाट भर्न मानिस मर्त्यमण्डलमा आएकाले उसले बजारमा गएर लेनदेनको सौदा गर्न बिर्सन हुँदैन । लेनदेन बिनाको हाट निरर्थको रङ्गमञ्चजस्तो मात्र हुनपुग्दछ । रङ्ग मन्चमा दर्शक भावक, श्रोता, पाठक, नट, नटी, पर्दा, अभिनय, नर्तकनर्तकीका क्रीडाभूमि र अभिनय कलाका लागि चाहिने श्रृङ्गारका सरसामानहरू र पोशाक इत्यादि हुन् । पृथ्वीरूपी हाटमा आवश्यक खुराक हुन्छन् । जसले यश र कीर्ति राख्ने गरी यो मर्त्यमण्डलमा अभिनय गर्छ । उसैको जीवन भविष्यको निम्ति सार्थक हुन्छ । यस भागमा बिम्ब र प्रतीकका रूपमा नाथुराम गोड्सेद्वारा गान्धीको हत्या, गङ्गालाल, दशरथचन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्री आदि नेपाली शहीदहरू बजार भर्न आएका "हाट भर्ने मानिस"हरू हुन् । उपयुक्त पात्र देश जनता, नागरीक परहितका निम्ति सङ्घर्षरत नेता र नेतृत्व भारत, नेपाल र जेरूसलेममा विना कारण मारिएका थिए । भारतमा गान्धीको,

नेपालमा गङ्गालाल आदिको र जेरूसलेमका गल्लीमा यशुक्रिष्टको हत्या तत्तत् स्थानका निरङ्कुश शासक, धर्मभीरू नाजीद्वारा, धर्मका कट्टरपन्थी यहूदीहरू लगायतले हाट भर्न आएका मानिसलाई मार्दछन् । राजा शन्तनुका वंशज राजा परीक्षितलाई फलमा किरो रूपमा घुसेर तक्षकले भुक्याएर ज्ञान प्राप्त गरिसकेका राजालाई डसेर मारेको पौराणिक किवदन्तीलाई मीथकीय बिम्ब बनेर कविताको रूपमा प्रस्तुत भएको छ । कविताले गोली, गान्धी, खरीको बोट, टुँडिखेल, काँटी, जेरूसलेम, गल्ली, आत्महत्या तक्षक, भौतारिनु, कर्ण, मृत्यु, सङ्गीन, आस्थाका पाले आँखा, भुक्याएर, मूलढोका, फिका हाँसो, जलाइ, चिम्लिएको दृष्टि, वरिपरि बुद्ध, मिहीरयाम (मिरमिरे समय) मुखभित्र, हतारिएका असङ्ख्य गर्थन, पस्रिहिँडेको समाख्याता आफैं, म, आफैंले, मलाई आदि "हाट भर्ने मानिस" कविताका चरणबद्ध दिव्य बिम्ब र प्रतीक हुन् । गान्धी, खरीको बोट र जेरूसलेम कर्णको मृत्यु यी षडयन्त्रद्वारा गरिएको हुँदा कविताको समाख्यातालाई पनि मानवीय स्वतन्त्रता, प्रजातन्त्र, राष्ट्र, राष्ट्रियता र समाजवादको कविताद्वारा कुरा गर्दा आफ्नै पनि मृत्यु हुने हो कि भन्ने भयवादले सताइरहेको छ ।

प्रस्तुत कवितामा समाख्याताले गङ्गालाल, धर्मभक्त, शुक्रराज शास्त्री, दशरथचन्दका हत्यारा राणा शासकले गर्ने जनताप्रति क्रुर व्यवहार सँगसँगै शासकीय प्रवृत्ति भारतीय स्वतन्त्र सङ्ग्रामका नायक अहिंसक गान्धीलाई नाथुराम गोड्सेद्वारा, कट्टर धर्मभीरू क्याथोलिक यहुदीद्वारा जिसस क्राइस्टलाई, कर्णको मृत्युको कारण चाल पाएका चतुर कृष्णको कुटनीतिबाट शिकार बनेका कर्ण र आफ्नै एकै आमाका सन्तान दानवीर कर्णलाई कृष्णको इशारामा हत्या गर्ने प्रतीकात्मक अर्जुन मृत्युरूपी कालो मोटरका रूपमा प्रस्तुत गरेको छ । त्यसकारण राणाशासनमा गङ्गालाल, दशरथ, धर्मभक्त, शुक्रराज शास्त्री आदि मारिएका थिए । प्रस्तुत कवितामा समाख्यातालाई कतिबेला मृत्यु हुने हो थाहा छैन । समाख्याताले भन्नै छोएर कालो मोटर जान लागेको बिम्बात्मक प्रस्तुति "हाट भर्ने मानिस" कविताद्वारा अभिव्यक्त गरिरहेको छ । सँगसँगै समाख्याता सबै आम समाजका नागरिकलाई जिन्दगीको महत्त्व दर्शाउँदै छोटो समयको जीवनलाई खेर र बर्वाद नगरिकन सही स्थानमा सही प्रयोग गर्ने सुझाव दिँदै जीवन किन्दा किन्न नसकिने भएको हुनाले गान्धीहरू र नेपालका शहीदजस्तै बजारबाट खाली हात नजाने काम, साहस राखेर अगाडि बढ्न सबैलाई पत्नीले पतिलाई मन्त्राणी भई सल्लाह दिएजस्तै सल्लाह दिन चाहन्छ । धेरैको जीवन कुहिन लागेको आलुजस्तै छ । आफैं त बिग्रियो बिग्रियो अरूलाई पनि बिगारेझैं नबिग्रन र अरूको देशमा स्वदेशको रगत बेचेर जीवननिर्वाह गर्नेहरूप्रति पनि समाख्याता कठोर आँखाले हेरिरहेको छ । देश, जनता, समाज, राष्ट्र र राज्यको मात्र हैन स्वयम् आफ्नो अस्तित्वको लडाईं लड्ने साहस, जागर, उत्साह जगाउने कवित्व "हाट भर्ने मानिस" कवितामा लहराई रहेको छ । मानिसको शरीर काम गर्न आएको हो । दाल, भात खाएर जीवनको इहलीला समाप्त भएपछि कात्रोको झोलाभित्र भौतिक शरीर कोचिएर घाटतिर जानुभन्दा स्वतन्त्र समग्रमा मृत्युवरण गर्नु हजारौं गुणा भोलिका लागि लाभप्रद छ । त्यसकारण आफ्नो जीवन, आफैंलाई थाहा पत्तो नदिई मृत्युको मुखमा पुग्नुपर्छ । यो कसैलाई थाहा छैन । "मृत्यु आज बजारबाट खाली हात गयो" झण्डै छोएर गयो । पर कालो मोटरसित

पर पुगेको मृत्यु आज जिन्दगीको छेबैबाट गयो ( ऐजन, पृ. ७१) । भन्ने कवितांशले जीवन र यसको सार्थकता प्राप्तिका लागि सावधान हुन र त्यसको उत्तरदायित्व स्वयम्मा निर्भर रहने कथ्यसन्देश प्रस्तुत भएको छ ।

## निष्कर्ष

आधुनिक चेतना र काव्यात्मक शिल्पको नयाँ प्रयोगको प्रत्यारोपण "हाट भर्ने मानिस" कविताको अभिव्यक्ति हो । बैरागी काँइलाका कविताले पाठकीय आन्दोलनका रुपमा आयामेली दार्शनिक पक्षलाई जन्माएको हो । साहित्यिक अत्याचार गर्ने जमात खडा भएको हो । नयाँ पुस्ताका लागि गद्यमा पनि कविता लेखिनसक्छन् भन्ने महत्त्वपूर्ण सन्देश दिएको छ । कविताले आन्तरिक र बाह्य पक्षलाई हेर्ने दृष्टिकोण सिकाएको छ । यस कविताले प्रवाहित गरेको भाषाले आद्यस्वरूपलाई लिएर हिँडेको छ । यसले वंशानुगत र परम्परागत प्रवृत्तिलाई ब्युँझायो । सामूहिक अवचेतनका बिम्बहरू लिएर उपस्थित भएको छ भने । यसले कवितालाई दुरूह बनाएको छ । यस कविताले आद्यस्वरूपलाई समाउन कालको निरन्तरतालाई झक्झक्याएको छ । प्रस्तुत कविताको समाख्याताले जीवनलाई निरन्तरता दिन खोज्दा कवित्व र त्यसले निर्देश गरेका कथ्यविषय देशदेशावरको विविध युगबाट मिथकहरू जम्मा गर्दै मानिसको जिन्दगीलाई "हाट भर्ने मानिस" मानेर सामान्यीकृत गर्ने क्रममा काव्यको बीजाङ्कुर सलबलाएको अवधारणा प्रस्तुत गरेको छ । यस कविताले मिथक चुन्दा वस्तुता, सम्पूर्णता, घनत्वमा मात्रै होइन आद्यस्वरूपबाट जीवनको चित्रण गर्ने जमर्कोका साथ रचना सन्दर्भ, विषय छनोट र प्रस्तुति तथा जीवनका त्रिआयामिक प्रस्तुतिका कारण भाषासमेत अमूर्त र कठिन समाएको छ ।

प्रस्तुत कवितामा जीवनको सम्पूर्णतालाई परम्परागत धारणा र मान्यताभन्दा बेग्लै तरिकाले प्रस्तुत गर्ने क्रममा काव्यिक विषय र अन्तर्वस्तु जीवनको नश्वरता र यससँगको सङ्घर्षबाट सारपूर्ण अस्तित्वको स्थापना गर्नपर्ने विषयसँग समन्वय गर्नपुगेका छन् । कविताको अन्तर्वस्तुलाई जीवनको त्रिआयामिक पक्ष स्थापित गर्ने क्रममा यसको भाषाशैलीको सङ्कथनभित्र प्रचलित लेखनभन्दा भिन्दै अमूतर्ता र वक्रता स्थापित भएको छ । "हाट भर्ने मानिस" पश्चिमबाट बगेको हावाको आयमिक लेखनअन्तर्गत लेखिएको दार्जीलिङको माटोबाट सर्दै नेपालभित्र मौलायो।यो आयमिक लेखन मात्र हो । अमूर्त सिद्धान्तवादी सिर्जनात्मक आन्दोलनका रूपमा आएको यस लेखनकलाले प्रस्तुत कवितालाई बाह्य तहमा अभिसिञ्चित अर्थका आधारमा विश्लेषण नगरी अभ्यन्तरमा रहेका बहुआयामका आधारमा हेर्न र बोध गर्न आग्रह गरेको छ । प्रस्तुत कविताको मूलभूत अन्तर्वस्तु भन्नु नै जीवनको वस्तुतालाई वंशानुगत आदि प्रकृति, सामूहिक अवचेतना, निरन्तरतामा विविधता, स्थान, स्थान र युग युगबाट टिपिएका मिथकको विशिष्टता, वस्तुतामा, यथार्थता, मायामा, अमूर्तता छ र बिम्बको छेलोखेलो प्रयोगबाट हेरिनुपर्छ भन्ने मान्यता र दर्शनिक पक्षको स्थापना हो । सारतः समाज, संस्कृति र आचरणविज्ञानले निर्देशित गरेको जीवनको वस्तुताभन्दा पर मानव जीवनको पर्दालाई सर्वाङ्गीण पक्षका आधारमा हेर्नसके मात्र जीवनको वास्तविक मूल्यबोध हुने केन्द्रीय विषयको प्रतिपादन गर्ने यस कवितामा एकविचार अनेक दृष्टिकोण र दर्शनको संयोजनबाट सिर्जना भएको कृति रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ ग्रन्थसूची


काँइला, वैरागी (२०३१). वैरागी काँइलाका कविताहरू. (दोस्रो संस्क.), साझा प्रकाशन ।

काँइला, वैरागी (२०४९). लिम्बू भाषा साहित्यको सङ्क्षिप्त परिचय, नेपाल प्रज्ञा प्रतिष्ठान ।

गड्तौला, नारायणप्रसाद (२०७७). पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद. (२०६९). कविताको सैद्धान्तिक विमर्श, पाठ्य सामग्री पसल ।

चटर्जी, भोला (सन् १९८१). तेस्रो आयामको शव परीक्षा, ज्योति प्रकाशन ।

त्रिपाठी, वासुदेव. र अन्य (सम्पा.) (२०४६). नेपाली कविता भाग -४, साझा प्रकाशन ।

दाहाल, जानकीबल्लभ (२०५६). जानकी सारसङ्ग्रह, बाबुराम, शालिक राम, आत्माराम, चन्द्रप्रभा, जानकी आश्रम ।

धरावासी, कृष्ण (२०४८). तेस्रो आयामको परिचय, जीविका इन्टरप्राईजेज ।

पन्त, नयराज (२०४०). श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पन्त, भरतराज. (२०५५). अलङ्कारसिद्धान्त. नेपाली साहित्यकोश. ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, प्रमोद (२०४४). केही अध्ययन केही अनुसन्धान, कुमारबहादुर श्रेष्ठ ।

बराल ईश्वर र अन्य (सम्पा.) (२०५५). नेपाली साहित्यकोश, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद. (२०७०). समय-सन्दर्भ, पर्यावरण र कविता, विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

भण्डारी, ढुण्डीराज (२०५५). नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास, नयाँ वानेश्वर ।

लुइटेल, खगेन्द्रप्रसाद. (२०५९/०६०). "संरचनाको स्वरूप र विशेषता". वाङमय, पूर्णाङ्क ११ पृ. ६-१२ ।

शर्मा, ऋषिराज (२०७५). बालसाहित्य समालोचना, विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

शर्मा मोहनराज, (२०४८). शैलीविज्ञान, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Cuddan, J. A.. (2013). *Dictionary of Literary Terms &Literary Theory.* (5 th ed.), Blackwell.

Harnabi, A. S. (ed.). (2003). *Oxford Advanced Lerner* (2 nd ed.), Oxford University.